## राष्ट्रिय विकास समस्या समाधान समितिको ४६ औं बैठकका निर्णयहरु :

१. सरकारबाट घोषणा भएको मकवानपुरको मयुरधाप औद्योगिक क्षेत्र स्थित चार किल्ला भित्रको जग्गा पर्सा राष्ट्रिय निकुन्जको क्षेत्रभित्र पर्न गै वातावरणीय प्रभाव मूल्यांकन (EIA) को Scoping र TOR स्वीकृत नभएतापनि उक्त जग्गाको स्वामित्व औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको स्वामित्वमा आइसकेको सन्दर्भमा कार्यान्वयन गर्न कठिनाई भएकाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नेतृत्वमा वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रतिनिधि समेतको सहभागितामा गठित समितिबाट एक महिना भित्र प्रतिवेदन प्राप्त गरी सो समेतका आधारमा स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने ।

२. जलविद्युतका जलाशययुक्त आयोजनाहरु निर्माण गर्दा उत्पन्न हुने डुवानले सडक, सिचाई लगायत भौतिक पुर्वाधारका निर्माण कार्यहरुमा असर पार्नाले भैरहेका आयोजनाहरुमा क्षति पुग्नुका साथै Right of Way लगायतका विषयमा विवाद देखिएको सन्दर्भमा ऊर्जा, जलश्रोत तथा सिचाई मन्त्रालयले सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय गरी यस सम्बन्धी राष्ट्रिय नीति र रणनीति, २०७६ पौष मसान्त भित्र तयार गरी नेपाल सरकार, मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पेश गर्ने ।

३. चुरे फेदी तथा तराईमा जम्मा हुने ढुंगा, गिट्टी, बालुवा आदिको उपयोग तथा व्यवस्थापन हुन नसक्दा बाढी, डुवान तथा कटानको समस्या समेत बढ्नाले निर्माण सामग्रीको उपलब्धतामा कठिनाई भैरहेको हुँदा निर्माण सामग्रीहरूको सहज उपलब्धताका लागि जि.स.स. महासंघ, न.पा. संघ र गा.पा. संघ समेतको सहभागितामा संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयले सोको मापदण्ड सम्बन्धी प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि पेश गर्ने एवं सो बमोजिम प्रदेश तथा स्थानीय तहले सरलीकृत नीतिगत कानुनी व्यवस्था कार्यान्वयनमा ल्याउने ।

४. लामो समयदेखि संघले कार्यान्वयन गर्नुपर्ने अधूरा आयोजनाहरूको विवरण अद्यावधिक हुन नसकेको एवं प्रदेशमा हस्तान्तरण भइसकेका सडक, सिंचाइ तथा खानेपानीका क्रमागत वा अधूरा आयोजना कार्यान्वयनका लागि आवश्यक रकम नपुग हुने देखिएकोले संघीय मन्त्रालयहरुले तत्सम्बन्धी अद्यावधिक विवरण २०७६ साल कार्तिक महिना भित्र अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सबै प्रदेशहरुमा समेत पठाउने र संघका विषयगत मन्त्रालय र सम्बन्धित प्रदेशले क्रमागत र अधूरा आयोजनाहरुको प्राथमिकीकरण गरी नपुग रकमको हकमा अर्थ मन्त्रालयसँग आवश्यक समन्वय गर्ने । अर्थ मन्त्रालयले श्रोत उपलब्धताको अबस्था हेरी यस प्रकृतिका आयोजना सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गर्ने । साथै ती आयोजनाहरुको अद्यावधिक बिवरण प्रदेशले सोझै र स्थानीय तहहरुले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् सोही अवधि भित्र राष्ट्रिय योजना आयोगमा पठाउने ।

५. पञ्चवर्षीय पुनर्निर्माण तथा पुर्नस्थापना योजना (PDR) मा परेका तर सरकारका सम्वन्धित मन्त्रालय र निकायबाट नियमित कार्यक्रम अन्तर्गत पुनर्निर्माण गर्नुपर्ने खानेपानी, सडक, सिंचाई, स्थानीय तहका भवन, सुरक्षा निकायका भवन लगायतका संरचनाहरुको पुनर्निर्माण कार्य एवं जोखिमयूक्त वस्तीहरुको संरक्षणको लागि आवश्यक बजेटको व्यवस्था नभएकाले सम्वन्धित संघीय मन्त्रालयले अर्थ मन्त्रालय, प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गरी पुनर्निर्माण सम्वन्धी कार्य आगामी एक वर्ष भित्र सम्पन्न गर्ने ।

६. जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण कार्यमा स्थानीयस्तरमा सधै विवाद भइरहने तथा जग्गा प्राप्ति सम्बन्धी आयोजना पिच्छे फाईलहरू मन्त्रीपरिषद्मा लैजानु पर्ने एवं विभिन्न प्रकृतिका अतिक्रमित ऐलानी तथा पर्ति जग्गा समेतको प्राप्तिका सम्बन्धमा स्पष्ट आधार, मापदण्ड र नीति नभएकाले जग्गा प्राप्तिमा समस्या तथा ढिलाइ हुने गरेको हुँदा गृह मन्त्रालयले सरोकारवाला निकायसँगको समन्वयमा उचित मूल्यलाई आधार लिई ऐलानी तथा पर्ति जग्गाको हकमा मुआव्जा प्राप्त नहुने गरी जग्गा अधिग्रहण तथा मुआव्जा निर्धारण सम्बन्धी एकीकृत राष्ट्रिय नीति, २०७६ पौष महिना भित्र तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्ने ।

७. केन्द्रीय आयोजनाको रुपमा रहेको विराटनगर-धरान ६ लेन सडक निर्माणमा ढिलाई भएको र निर्माण सम्पन्न भएका ठाउँमा समेत विद्युत पोलहरु सार्नमा ढिलाई भएकोले ऊर्जा, जलश्रोत तथा सिचाई मन्त्रालयले तीन महिना भित्र सो कार्य सम्पन्न हुने गरी आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने ।

८ स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तरगतका प्रशिक्षण केन्द्रहरु प्रदेशलाई हस्तान्तरण भै नसकेको तर प्रदेश सरकारले बजेट छुट्याई सकेको भएपनि सञ्चालनमा ल्याउन कठिनाई भएको हुँदा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हस्तान्तरण सम्बन्धी सो कार्य दुई महिना भित्र सम्पन्न गर्ने व्यवस्था मिलाउने ।